प्रमुख प्रशासकीय अधिकृत

## मिति २०८१/०३/२१ गतेको नगरकार्यपालिका बैठकका प्रस्तावहरु

१. निःशुल्क शिक्षा कार्यक्रम सम्बन्धमा ।
२. शिक्षा समिति गठन सम्बन्धमा ।
३. विपद राहत सम्बन्धमा ।
४. नदीजन्य पदार्थ जफत तथा लिलाम सम्बन्धमा ।
५. अनुगमन समितिको प्रतिवेदन सम्बन्धमा ।
६. जाँचपाँस तथा फरफारक सम्बन्धमा ।
७. विविध सम्बन्धमा ।

### बैठकका निर्णयहरु

#### निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगरपालिकाको नीति अनुरुप माध्यमिक तह निःशुल्क शिक्षा व्यवस्थापन सम्बन्धमा कार्यविधि स्वीकृत भई सकेको र सो बमोजिम चालु आ.व.को लागि वजेट समेत विनियोजन भएकोमा उक्त माध्यमिक तह निःशुल्क शिक्षा स्वीकृत कार्यविधि बमोजिम कार्यान्वयनका लागि तपशिलका विद्यालयहरुलाई चालु आ.व.मा प्रदेश राजश्व तर्फ विनियोजित रु २० लाख बाट निम्न बमोजिम रकम उपलब्ध गराउने निर्णय गरियो ।

**तपशिल**

| | |
|---|---|
| १. सरस्वती मा.वि. सितापुर शिनपा २ | रु ८०००००।- |
| २. ज्योती मा.वि. ठाडा शिनपा ४ | रु ४०००००।- |
| ३. सुधा मा.वि. जुकेना शिनपा ५ | रु ४०००००।- |
| ४. जनजागृती मा.वि. सिद्धारा शिनपा १० | रु ४०००००।- |

#### निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा हाल यस नगरपालिकाको नगर शिक्षा समिति नभएकोले नगर शिक्षा ऐन २०७६ को दफा (९) को उपदफा (२) को (घ) बमोजिम नगरकार्यपालिका सदस्यहरुबाट तपशिलका पदाधिकारीलाई शिक्षा समितिको सदस्य तोक्ने निर्णय गरियो ।

**तपशिल**

१. सदस्य श्री दामोदर न्यौपाने वडा अध्यक्ष शिनपा १४ अ.खा.

२. सदस्य श्री दुर्गा बहादुर वि.सी.वडा अध्यक्ष शिनपा १३ अ.खा.

#### निर्णय नं. ३

प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८१/२/४ गतेको कार्यपालिकाबाट आगलागीबाट मरेका भेडा/बाखालाई प्रति गोटा १५०० का दरले दिने भनि निर्णय भएकोमा वडा नं. ४ मा व्यवसायिक रुपमा पालेका भेडाहरु आगलागीबाट नभई रोग लागेर ठूलो संख्यामा मरेकोले रोगका कारण ठूलो संख्यामा मरेका उक्त भेडाहरुको पूर्व कार्यपालिका बैठकबाट भएको निर्णय अनुसार प्रति भेडा रु १५०० का दरले भुक्तानी दिने ।

विभिन्न समयमा आएको विपदबाट क्षति भएको, दैवि प्रकोकमा परी मृत्यु भएका वा घाईते भएका र जटिल प्रकृतिका रोगका कारण समस्यामा परेका तपशिलका निवेदनहरुलाई तपशिल बमोजिमको आर्थिक सहायता रकम विपद् कोषबाट उपलब्ध गराउने, साथै हावाहुरी, आगलागी लगायतका घटनाको कारण भएको भौतिक क्षतिका विषयमा राहतको लागि प्राप्त भएका निवेदनका सन्दर्भमा शितगंगा नगरपालिकाको विपद् कोष व्यवस्थापन तथा आर्थिक सहयोग कार्यविधि २०७९ को परिच्छेद ६ बमोजिमको सिफारिस समितिको निर्णय अनुसार सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**तपशिल**

१. जिवन वि.सी. शिनपा १३ दुर्घटनाको घाईते रु १००००।-

२. श्रृष्टी वि.सी. मृत्यु निजको हकवालालाई दिने रु २५०००।-

३. कमला वेल्वासे शिनपा ५ मुटु रोगी रु २५०००।-

४. बोधिराज आचार्यको छोरा शिनपा ७ बैदेशिक रोजगारमा मृत्यु रु १५०००।-

५. बल बहादुर खत्री शिनपा ९ नयाँवस्ती कुखुरा फर्मको क्षतिको राहत रु १००००।-

६. गोविन्द भुसाल शिनपा ४ आर्थिक सहायता रु १००००।-

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा मिति २०८१/३/१४ गते जिल्ला प्रशासन कार्यालय अर्घाखाँचीका सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला समन्वय अधिकारी, अस्थायी प्रहरी पोष्ट सातमाराका प्रतिनिधि, नगरपालिकाका इन्जिनियर तथा कर्मचारी र वडा अध्यक्ष समेतले स्थालगत अनुगमन कममा यस नगरपालिका वडा नं.८ तिनखण्डेमा जम्मा २६४५ घन मिटर नदिजन्य पदार्थ अवैध थुपारेको भेटिएकोले उक्त अनुगमनका कममा नाँपजाँच भई एकिन भएको जम्मा २६४५ घन मिटर नदिजन्य पदार्थ लिलाम गर्ने सन्दर्भमा प्रचलित लुम्बिनी प्रदेश सरकारको आर्थिक ऐनमा तोकिएको प्राकृतिक स्रोत संकलन तथा बिकी शुल्क बमोजिम प्रति क्यु फिट रु ८ का दरले हुने हिसाव गरी हुने रकमलाई न्यूनतम मुल्य कायम गरी सार्वजनिक सूचना मार्फत ठेक्का बढाबढ गराई लिलाम विकी गर्ने र लिलाम बढावढबाट प्राप्त रकम नगरपालिकाको संचित कोषमा दाखिला गर्ने । उक्त अवैध नदिजन्य पदार्थ लिलाम विकी नभएसम्म चोरी निकासी हुन नदिन रेखदेख तथा संरक्षणको लागि यस नगरपालिकाका वडा नं. ८ र ९ वडा कार्यालय तथा सातमारा अस्थायी प्रहरी चौकी लाई लेखी पठाउने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा अनुगमन समितिका अध्यक्ष एवं नगर उप प्रमुखले पेश गरेको अनुगमन प्रतिवेदन आजको बैठकमा पेश भई छलफल भयो । प्रतिवेदनमा उल्लेख भएबमोजिम अनुगमन समितिले गरेको सिफारिस बमोजिम भएको भुक्तानी कार्यलाई समर्थन गर्दै थप प्रभावकारी अनुगमनको व्यवस्था

मिलाउने र अनुगमन समितिले दिएको सुझावलाई समेत आगामी दिनमा ध्यान दिई सुधार गर्नु पर्ने विषयमा सुधार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा चालु आ.व.को स्वीकृत कार्यक्रम अनुसार योजना तथा कार्यक्रमहरु सम्पन्न भई भुक्तानीको लागि आएका योजना तथा कार्यक्रमहरुको तत्काल भुक्तानीको मिति २०७९/९/२६ गतेको कार्यपालिका बैठकबाट गठित जाँचपाँस तथा फरफारक समितिको विभिन्न मितिका बैठकबाट भएका जाँचपाँस तथा फरफारक भएका योजना/कार्यक्रमलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा बैठकमा आएका प्रस्तावहरु माथि छलफल भई तपशिल बमोजिम गर्ने निर्णय गरियो ।

**(क)** सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत शिनपा १४ को मोहन सोमै लाभग्राहीको प्रथम किस्ता लगेपछी मृत्यु भएको, निजकी श्रीमतीको नागरिकता नभएको तर घर निर्माण भएकोले दोस्रो किस्ता बापत पाउने रकम आवश्यक प्रकृया पुरा गरी माग भएमा वडा सचिव मार्फत उपलब्ध गराउने व्यवस्था मिलाउने त्यसै गरी वडा नं. १ को हरि बहादुर भट्टराई लाभ ग्राहीले र वडा नं. ११ को अमृत सोती लाभ ग्राहीले सेतो जस्ता पाता लगाएकोमा प्राविधिक मुल्याङ्कनका आधारमा निजहरुको दोस्रो किस्ता बापतको रकम समेत भुक्तानी दिने ।

**(ख)** यस नगरपालिकाको वडा नं. १२ को लालपुर्जा वितरण कार्य मिति २०८१/३/२४, २५, २६ गते हुने भएकोले सो कार्यको व्यवस्थापन खर्च बापत रु २५०००।- दिने ।

(ग) नगरपालिकाले कार्यालय प्रयोजन तथा आवास प्रयोजनको लागि लिएका भाडामा लिएका घरहरुको सन्दर्भमा कुन घर कार्यालय प्रयोजनका लागि चाहिने हो र कुन कुन कर्मचारीहरुलाई घर भाडा वा आवास भत्ता उपलब्ध गराउने हो अध्ययन गरी अर्को बैठकमा प्रतिवेदन पेश गर्न प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मा दिने र प्राप्त हुने प्रतिवेदन बैठकमा छलफल गरी आवश्यक निर्णय दिने ।

आजको बैठक सर्वसम्मत निर्णय गर्दै सम्पन गरियो ।

प्रमुख प्रशासकीय अधिकृत